संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - २८

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल वैशाख १५ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सदस्यहरूले ढ्यापढ्याप गरी समय माग गर्नु भएपश्चातको आकस्मिक समयमा नेकपा एमालेका अध्यक्ष माननीय के.पी. शर्मा ओली झापा जाने क्रममा अवाञ्छित गतिविधि भएको तर्फ सरकारको ध्यानाकर्षण गराएको, देशको आर्थिक अवस्था भयावह भएको, प्रदेश र स्थानिय तहमा जाने समानिकरण अनुदानको पचास प्रतिशत रकम कटौती भएको तर राज्यको ढुकुटीबाट अयोग्य लडाकुलाई बाड्ने गरी भएको निर्णय बदर गरिनु पर्ने, बाजुरा जिल्लालाई केन्द्र बनाएर भूकम्प तथा पराकम्पहरु गईरहेकोले क्षति न्यूनिकरण र पिडितलाई राहतको उचित व्यवस्था गर्नु पर्ने, राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई स्वास्थ्य मन्त्रालय मार्फत ल्याउनु पर्ने, प्रत्येक प्रदेशमा प्रसुती तथा स्त्री रोग अस्पताल बनाउनु पर्ने, स्वास्थ्यकर्मीहरुको दरवन्दी पुनरावलोकन गर्नुपर्ने, झापामा जंगली हात्तीको आक्रमणबाट जनधनको क्षति भइरहेकोले रोकथामको लागि सम्बन्धित मन्त्रालयले आगामी बजेटमा आवश्यक वजेटको व्यवस्था गर्नुपर्ने, हालै सम्पन्न भएको बारा जिल्ला क्षेत्र नं. २ को उपनिर्वाचन विगतभन्दा शान्तीपूर्वक सम्पन्न भएको, माननीय लक्ष्मी महतो कोइरी प्रतिनिधि सभाको वैठकमा लगातार १० वटाभन्दा बढी वैठकमा अनुपस्थित रहँदा पनि हालसम्म कारवाही नभएको, राष्ट्रिय आविष्कार केन्द्रका महाविर पुनको जायज माग सरकारले पुरा गर्नु पर्ने, किसानलाई समयमै मलखाद, बीउ उपलब्ध गराउनु पर्ने लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरूले आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० श्री पदम गिरी
२. मा० श्री बद्री प्रसाद पाण्डे
३. मा० श्री ठाकुर गैरे
४. मा० श्री रोसन कार्की
५. मा० श्री चन्दा कार्की भण्डारी
६. मा० श्री विश्व प्रकाश शर्मा
७. मा० श्री प्रदिप यादव
८. मा० श्री रामहरि खतिवडा
९. मा० श्री वासुदेव घिमिरे
१०. मा० श्री लालबिर चौधरी

त्यसपछि सम्माननीय सभामुखले माननीय श्री लक्ष्मी महतो कोइरीको सम्बन्धमा प्रतिनिधि सभा नियमावली, २०७९ सभाबाट पारित भइसकेपछि नियम २४८ सँग सम्बन्धित विषयमा सभामुखलाई कुनै जानकारी प्राप्त नभएको व्यहोरा अवगत गराउनु हुँदै राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रतिनिधि सभाको उपनिर्वाचन मार्फत् चितवन क्षेत्र नं. २ र तनहुँ क्षेत्र नं. १ बाट निर्वाचित भई आउनु भएका प्रतिनिधि सभा सदस्य मा० श्री रबि लामिछाने र मा० श्री स्वर्णिम वाग्लेलाई सभा एवं व्यक्तिगत तर्फबाट स्वागत र सफल कार्यकालको कामना समेत गर्नुभयो ।

तत्पश्चात प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री विजुला रायमाझी
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री विना लामा
४. मा० श्री विराज भक्त श्रेष्ठ
५. मा० श्री विनिता कुमारी सिंह
६. मा० श्री श्याम कुमार घिमिरे
७. मा० श्री शान्ती वि.क.
८. मा० श्री शान्ती श्रेष्ठ
९. मा० श्री शिव नेपाली
१०. मा० श्री शिशिर खनाल
११. मा० श्री शोभा ज्ञवाली
१२. मा० श्री सन्तोष चालिसे
१३. मा० श्री सन्तोष परियार
१४. मा० श्री सपना राज भण्डारी
१५. मा० श्री सम्झना थपलिया
१६. मा० श्री सरस्वती बजिमय
१७. मा० श्री सरिता प्रसाई
१८. मा० श्री सरिता भुसाल
१९. मा० श्री स्वर्णिम वाग्ले
२०. मा० श्री सीता मिजार
२१. मा० श्री सुनिता बराल
२२. मा० श्री सुमना श्रेष्ठ
२३. मा० श्री सुशिला थिङ
२४. मा० श्री सुशीला श्रेष्ठ
२५. मा० श्री सूर्य कुमारी श्रेष्ठ
२६. मा० श्री सूर्य प्रसाद ढकाल
२७. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
२८. मा० श्री सूर्य मान तामाङ (दोङ)
२९. मा० श्री सोनु मुर्मु
३०. मा० श्री सोबिता गौतम
३१. मा० श्री संजय कुमार गौतम
३२. मा० श्री हरि ढकाल
३३. मा० श्री हितराज पाण्डे
३४. मा० श्री हेमराज राई
३५. मा० श्री हृदयराम थानी
३६. मा० श्री ज्ञानु बस्नेत सुवेदी
३७. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
३८. मा० श्री हर्कमाया विश्वकर्मा

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरूले विविध विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री प्रदिप पौडेल
२. मा० श्री विष्णु प्रसाद पौडेल
३. मा० श्री माधव सापकोटा
४. मा० श्री गणेश पराजुली
५. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
६. मा० श्री राज किशोर यादव
७. मा० श्री अव्दुल खान
८. मा० श्री गंगाराम चौधरी
९. मा० श्री राम प्रकाश चौधरी
१०. मा० श्री प्रेम सुवाल
११. मा० श्री प्रभु साह
१२. मा० डा अमरेश कुमार सिंह
१३. मा० श्री राजेन्द्र कुमार के.सी.
१४. मा० श्री गोकुल बास्कोटा
१५. मा० श्री राजु थापा
१६. मा० श्री पुष्प बहादुर शाह

त्यसपछि चालू अधिवेशनमा माननीय सदस्यहरुबाट दर्ता हुन आएका मौखिक प्रश्न र उत्तरहरु प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ४५ बमोजिम सम्बन्धित माननीय मन्त्रीहरुबाट टेबुल गर्ने कार्यक्रम अन्तर्गत सम्माननीय प्रधानमन्त्री एवं वन तथा वातावरण मन्त्रीको तर्फबाट माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् र वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न र उत्तर टेबुल गर्नुभयो ।

तदुपरान्त माननीय उपप्रधानमन्त्री एवं माननीय गृह मन्त्री, माननीय कृषि, तथा पशुपन्छी विकास मन्त्री, माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, माननीय अर्थ मन्त्री, माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री, माननीय परराष्ट्र मन्त्री, माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री, माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री, माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री र माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीको तर्फबाट माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न र उत्तर टेबुल गर्नुभयो ।

त्यसपछि माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न र उत्तर टेबुल गर्नुभयो ।

तत्पश्चात माननीय ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री शक्ति बहादुर बस्नेतले ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न र उत्तर टेबुल गर्नुभयो ।

तदुपरान्त माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न र उत्तर टेबुल गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७३ मा उल्लिखित प्रतिनिधि सभा अन्तर्गतका विषयगत समितिहरु सोही नियमावलीको नियम १७५ बमोजिम गठन गर्न समितिहरुमा रहनुहुने माननीय सदस्यहरुको देहाय बमोजिमको नाम मनोनयन गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नु हुँदा सभाले सर्वसम्मतीले सहमति जनायोः-

अर्थ समिति

१. मा० श्री अन्जनी श्रेष्ठ
२. मा० श्री अम्मर बहादुर रायमाझी
३. मा० श्री गंगा कार्की
४. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
५. मा० श्री जुली कुमारी महतो (महासेठ)
६. मा० श्री दिपक खड्का
७. मा० श्री दीपक बोहरा
८. मा० श्री नारायण प्रसाद आचार्य
९. मा० श्री नारायणी शर्मा
१०. मा० श्री पदम गिरी
११. मा० श्री पूर्ण वहादुर तामाङ्ग
१२. मा० श्री भगवती चौधरी
१३. मा० श्री मुक्ता कुमारी यादव
१४. मा० श्री मेटमणि चौधरी
१५. मा० श्री रण कुमारी बलम्पाकी मगर
१६. मा० श्री रामनाथ अधिकारी
१७. मा० श्री विनोद कुमार चौधरी
१८. मा० श्री विराज भक्त श्रेष्ठ
१९. मा० श्री विरेन्द्र प्रसाद महतो
२०. मा० श्री विष्णु प्रसाद पौडेल
२१. मा० श्री सन्तोष चालिसे
२२. मा० श्री स्वर्णिम वाग्ले
२३. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
२४. मा० श्री ज्ञान बहादुर शाही
२५. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति

१. मा० श्री उदय शंशेर ज.ब.रा.
२. मा० श्री एकनाथ ढकाल
३. मा० श्री के.पी. शर्मा ओली
४. मा० श्री गंगा राम चौधरी
५. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
६. मा० श्री दामोदर पौडेल वैरागी
७. मा० श्री देवि प्रकाश भट्टचन
८. मा० श्री धवलशम्मशेर जंगबहादुर राणा
९. मा० श्री नागिना यादव
१०. मा० डा० नारायण खड्का
११. मा० श्री पशुपति शमशेर ज.ब.रा.
१२. मा० श्री प्रकाश मान सिंह
१३. मा० श्री प्रभु साह
१४. मा० श्री प्रेम सुवाल
१५. मा० श्री बर्षमान पुन
१६. मा० श्री भीम प्रसाद आचार्य
१७. मा० श्री महन्थ ठाकुर
१८. मा० श्री माधव कुमार नेपाल
१९. मा० श्री मोहन आचार्य
२०. मा० श्री राज किशोर यादव
२१. मा० श्री विमलेन्द्र निधी
२२. मा० श्री शिशिर खनाल
२३. मा० डा० शेखर कोइराला
२४. मा० श्री सम्झना थपलिया
२५. मा० श्री सुनिता बराल
२६. मा० श्री संगीता मण्डल धानुक
२७. मा० श्री हरि प्रसाद उप्रेती

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

१. मा० श्री अमृता देवी अग्रहरी
२. मा० श्री असिम शाह
३. मा० श्री कान्तिका सेजुवाल
४. मा० श्री किशोर सिंह राठोर
५. मा० श्री कृष्ण कुमार श्रेष्ठ
६. मा० श्री गणेश पराजुली
७. मा० श्री गिता बस्नेत
८. मा० श्री डोल प्रसाद अर्याल
९. मा० श्री दुर्लभ थापा क्षेत्री
१०. मा० श्री मन बहादुर गुरुङ्ग
११. मा० श्री महेन्द्र बहादुर शाही
१२. मा० श्री मोहन बहादुर बस्नेत
१३. मा० श्री रघुवीर महासेठ
१४. मा० श्री रणेन्द्र बराली
१५. मा० श्री रमा कोईराला पौड्याल
१६. मा० श्री राजु थापा
१७. मा० श्री राम शंकर यादव
१८. मा० श्री रेखा यादव
१९. मा० श्री लक्ष्मी महतो कोइरी
२०. मा० श्री लाल प्रसाद साँवा लिम्बू
२१. मा० श्री सपना राज भण्डारी
२२. मा० श्री सान्ती चौधरी
२३. मा० श्री सिता मिजार
२४. मा० श्री सूर्य मान तामाङ (दोङ)
२५. मा० श्री सोनु मुर्मु
२६. मा० श्री हेमराज राई

कानून, न्याय तथा मानवअधिकार समिति

१. मा० श्री किरण कुमार साह
२. मा० श्री गोमा लाभ (सापकोटा)
३. मा० श्री चन्द्र बहादुर विश्वकर्मा

४. मा० श्री जीवन परियार
५. मा० श्री ध्रुव्र बहादुर प्रधान
६. मा० श्री नैनकला थापा
७. मा० श्री पुष्प बहादुर शाह
८. मा० श्री पूर्ण बहादुर घर्ति मगर
९. मा० श्री प्रतिक्षा तिवारी
१०. मा० श्री महेश कुमार वर्तौला
११. मा० श्री मंगल प्रसाद गुप्ता
१२. मा० श्री रन्जु कुमारी झा
१३. मा० श्री रमेश लेखक
१४. मा० श्री राम कुमार राई
१५. मा० श्री रामहरि खतिवडा
१६. मा० श्री रुपा सो. शी (चौधरी)
१७. मा० डा० शशांक कोइराला
१८. मा० डा० शुनिल कुमार शर्मा
१९. मा० श्री शेर बहादुर कुँवर
२०. मा० श्री शेर बहादुर देउवा
२१. मा० श्री सन्तोष परियार
२२. मा० श्री सुवास चन्द्र नेम्वाङ्ग
२३. मा० श्री सुशिला थिङ
२४. मा० श्री सोबिता गौतम

## कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति

१. मा० श्री अनिशा नेपाली
२. मा० श्री अब्दुल खांन
३. मा० श्री अम्मर बहादुर थापा
४. मा० श्री अमृत लाल राजवंशी
५. मा० श्री अशोक कुमार चौधरी
६. मा० डा० आरजु राणा
७. मा० श्री कुसुमदेवी थापा
८. मा० श्री गंगा प्रसाद यादव
९. मा० श्री ज्वाला कुमारी साह
१०. मा० श्री डिल्ली राज पन्त
११. मा० श्री दिक्पाल कुमार शाही
१२. मा० श्री नवल किसोर साह सुडी
१३. मा० श्री बिना कुमारी थनैत
१४. मा० श्री बिनिता कठायत
१५. मा० श्री बिमला सुवेदी
१६. मा० श्री मानबीर राई
१७. मा० श्री मिना तामाङ
१८. मा० श्री योगेन्द्र मण्डल
१९. मा० श्री रुपा वि.क.
२०. मा० श्री विजुला रायमाझी
२१. मा० श्री विर बहादुर बलायर
२२. मा० श्री विष्णु कुमार कार्की
२३. मा० श्री सरस्वती सुब्बा
२४. मा० श्री सुरेन्द्र राज आचार्य
२५. मा० श्री सूर्य कुमारी श्रेष्ठ
२६. मा० श्री सूर्य प्रसाद ढकाल

## महिला तथा सामाजिक मामिला समिति

१. मा० श्री अनिता देवी
२. मा० श्री अस्मा कुमारी चौधरी
३. मा० श्री आशा वि.क.
४. मा० श्री ईश्वर वहादुर रिजाल
५. मा० श्री उमरावती देवी
६. मा० श्री कल्पना मियाँ कुसारी
७. मा० श्री चन्दा चौधरी
८. मा० श्री जावेदा खातुन जागा
९. मा० श्री टोप बहादुर रायमाझी
१०. मा० श्री धनराज गुरुङ्ग
११. मा० श्री बिना देवी
१२. मा० श्री माया राई
१३. मा० श्री मंजु शर्मा अन्सारी
१४. मा० श्री रोसन कार्की
१५. मा० श्री लक्ष्मी तिवारी
१६. मा० श्री शान्ती वि.क.
१७. मा० श्री शान्ती श्रेष्ठ
१८. मा० श्री शोभा ज्ञवाली
१९. मा० श्री सरस्वती बजिमय
२०. मा० श्री सिता कुमारी राना
२१. मा० श्री हर्कमाया विश्वकर्मा
२२. मा० श्री हित बहादुर तामाङ

## राज्य व्यवस्था तथा सुशासन समिति

१. मा० श्री अजय कुमार चौरसिया
२. मा० श्री अम्बिका बस्नेत
३. मा० श्री ईश्वरी देवी न्यौपाने
४. मा० श्री कृष्ण गोपाल श्रेष्ठ
५. मा० श्री गगन कुमार थापा
६. मा० श्री चन्दा कार्की (भण्डारी)
७. मा० श्री चित्र बहादुर के.सी.
८. मा० श्री दिलेन्द्र प्रसाद बडू
९. मा० श्री दुर्गा राई
१०. मा० श्री पृथ्वी सुब्बा गुरुङ
११. मा० श्री प्रकाश अधिकारी
१२. मा० श्री बलराम अधिकारी
१३. मा० श्री बासु देव घिमिरे
१४. मा० श्री बुद्धिमान तामाङ्ग
१५. मा० श्री मेनका कुमारी पोखेल
१६. मा० श्री रघूजी पन्त
१७. मा० श्री रवि लामिछाने
१८. मा० श्री राजेन्द्र कुमार राई
१९. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
२०. मा० श्री लिलानाथ श्रेष्ठ
२१. मा० श्री विश्व प्रकाश शर्मा
२२. मा० श्री सर्वेन्द्र नाथ शुक्ला
२३. मा० श्री सरिता प्रसाई
२४. मा० श्री हितराज पाण्डे
२५. मा० श्री हृदयराम थानी

## पूर्वाधार विकास समिति

१. मा० श्री उर्मिला माझी
२. मा० श्री ऐन बहादुर शाही ठकुरी
३. मा० श्री कल्पना चौधरी
४. मा० श्री खम बहादुर गर्बुजा
५. मा० श्री गोकर्ण राज विष्ट
६. मा० डा० चन्द्र कान्त राउत
७. मा० श्री ठाकुर प्रसाद गैरे
८. मा० श्री दयाल बहादुर शाही
९. मा० श्री दिनेश कुमार यादव
१०. मा० श्री दिपक बहादुर सिंह
११. मा० श्री धन बहादुर बुढा
१२. मा० श्री निर्मला कोइराला
१३. मा० श्री निशा डागी
१४. मा० श्री प्रतिमा गौतम
१५. मा० श्री प्रदिप पौडेल
१६. मा० श्री प्रेम बहादुर महर्जन
१७. मा० श्री बसन्त कुमार नेम्वाङ्ग
१८. मा० श्री महेश बस्नेत
१९. मा० श्री माधव सापकोटा
२०. मा० श्री मैना कार्की
२१. मा० श्री राज कुमार गुप्ता
२२. मा० श्री राजेन्द्र बजगाई
२३. मा० श्री लालबिर चौधरी
२४. मा० श्री विना लामा
२५. मा० श्री शिव नेपाली
२६. मा० श्री शंकर भण्डारी
२७. मा० श्री सुशीला श्रेष्ठ

## शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

१. मा० श्री अरुण कुमार चौधरी
२. मा० श्री ईश्वरी घर्ती
३. मा० श्री उर्मिला थेबे
४. मा० श्री कालुराम राई
५. मा० डा० चन्द्रकान्त भण्डारी
६. मा० श्री छविलाल विश्वकर्मा
७. मा० श्री डिग बहादुर लिम्वु
८. मा० डा० तोसीमा कार्की
९. मा० श्री दिपा शर्मा
१०. मा० श्री दीपक कार्की
११. मा० श्री देवेन्द्र पौडेल
१२. मा० श्री प्रभु हजरा दुसाध

१३. मा० श्री बद्री प्रसाद पाण्डे
१४. मा० श्री भानुभक्त जोशी
१५. मा० श्री मनोरमा शेरचन
१६. मा० श्री महेन्द्र कुमार राय
१७. मा० श्री मिना यादव
१८. मा० श्री योगेश गौचन थकाली
१९. मा० श्री राम प्रकाश चौधरी
२०. मा० श्री लिला देवी वोखिम (लिम्बू)
२१. मा० श्री विद्या भट्टराई
२२. मा० श्री विनिता कुमारी सिंह
२३. मा० श्री वीना जैसवाल
२४. मा० श्री सरिता भुसाल
२५. मा० श्री सुमना श्रेष्ठ
२६. मा० श्री ज्ञानु बस्नेत सुवेदी

<u>सार्वजनिक लेखा समिति</u>

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० डा० अमरेश कुमार सिह
३. मा० श्री अर्जुन नरसिंह के.सी.
४. मा० श्री ऋषिकेश पोखरेल
५. मा० श्री गोकुल प्रसाद वाँस्कोटा
६. मा० श्री जनार्दन शर्मा
७. मा० श्री तारा लामा तामाङ
८. मा० श्री तेजु लाल चौधरी
९. मा० श्री दामोदर भण्डारी
१०. मा० श्री दिपक गिरी
११. मा० श्री देव प्रसाद तिमलसेना
१२. मा० श्री प्रदिप यादव
१३. मा० श्री प्रेम बहादुर आले
१४. मा० श्री मन्जु खांण
१५. मा० श्री मनिष झा
१६. मा० श्री योगेश कुमार भट्टराई
१७. मा० श्री राजेन्द्र कुमार के.सी.
१८. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
१९. मा० श्री राम कृष्ण यादव
२०. मा० श्री रुक्मणी राना बराइली
२१. मा० श्री लेख नाथ दाहाल
२२. मा० श्री विक्रम पाण्डे
२३. मा० श्री श्याम कुमार घिमिरे
२४. मा० श्री सराज अहमद फारुकी
२५. मा० श्री संजय कुमार गौतम
२६. मा० श्री हरि ढकाल

तत्पश्चात सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्रीको तर्फबाट माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त “अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६, राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त “अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७७ र संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ लाई सम्बन्धित समितिमा पठाईयोस्” भनी प्रस्ताव प्रस्तुत गर्नु हुँदा सर्व सम्मतीले स्वीकृत भयो । त्यसैगरी माननीय उपप्रधानमन्त्री एवं रक्षा तथा कानून, न्याय तथा संसदीय मामिला मन्त्रीको तर्फबाट माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले “सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ र “बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ लाई सम्बन्धित समितिमा पठाईयोस्” भनी प्रस्ताव गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो ।

तदुपरान्त माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीको तर्फबाट राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त “खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७, माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माको तर्फबाट राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त “सार्वजनिक सेवा प्रशारण विधेयक, २०७७ र राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त “सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७ लाई सम्बन्धित समितिमा पठाईयोस्” भनी प्रस्ताव प्रस्तुत गर्नु हुँदा सर्व सम्मतीले स्वीकृत भयो । त्यसैगरी माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त “अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ लाई सम्बन्धित समितिमा पठाईयोस्” भनी प्रस्ताव प्रस्तुत गर्नु हुँदा सर्वसम्मतीले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१३ को उपनियम (१) बमोजिम विविध कारणले लगातार १० वा सो भन्दा बढी बैठकमा अनुपस्थित निम्नलिखित माननीय सदस्यहरुको अनुपस्थितिको सूचनाहरु सभाको स्वीकृतिको लागि प्रस्तुत गरिसकेपछि स्वीकृत भएको घोषणा गर्ने क्रममा मा० श्री हितराज पाण्डेले सभा समक्ष प्रस्तुत माननीय सदस्यहरुको अनुपस्थितिको सूचना मध्ये माननीय श्री लक्ष्मी महतो कोइरीको बाहेकको सूचनाहरु स्वीकृत गर्ने विषयमा मात्र हाम्रो सहमति रहेको कुरा जानकारी गराउनु भयो ।

| सि.नं. | मा० सदस्यको नाम, थर | मिति | बैठक संख्या | कारण |
|---|---|---|---|---|
| १. | मा० श्री मनोरमा शेरचन | २०७९।९।२२ देखि २०८०।१।१५ सम्म | २९ बैठक | स्वास्थोपचारमा रहनुभएको |
| २. | मा० श्री विना कुमारी थनैत | २०७९।१०।०१ देखि २०८०।१।१५ सम्म | २६ बैठक | स्वास्थोपचारको लागि अस्पतालमा रहनुभएको |
| ३. | मा० श्री लक्ष्मी महतो कोइरी | २०७९।१०।२५ देखि २०८०।१।१५ सम्म | २१ बैठक | स्वास्थोपचारमा रहनुभएको |
| ४. | मा० डा० चन्द्रकान्त भण्डारी | २०७९।११।०४ देखि २०८०।१।१५ सम्म | १८ बैठक | स्वास्थोपचारमा रहनुभएको |
| ५. | मा० श्री वर्षमान पुन | २०७९।१०।०५ देखि २०८०।१।१५ सम्म | २६ बैठक | स्वास्थोपचारमा रहनुभएको |

तदुपरान्त बैठकबाट माननीय लक्ष्मी महतो कोइरीको विदा स्वीकृतका सम्बन्धमा नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी लगायतका माननीय सदस्यहरु उठेर समय माग गर्नुहुँदा सम्माननीय सभामुखले निम्नलिखित माननीय सदस्यहरुले समय उपलब्ध गराउनु भएपछि उहाँहरुले फरार सूचीमा रहेको माननीय सदस्यको विदा स्वीकृत गर्न नसकिने, फरार रहेको भनिएको माननीय सदस्यलाई पक्राउ गर्ने काम सरकारको भएको र सो विषयलाई सदनमा ल्याउन नहुने लगायतको भनाइ राख्नु भएपछि सम्माननीय सभामुखले वैठक आधा घण्टापछि बस्ने गरी स्थगित गर्नु भयो ।

१. मा० श्री हितराज पाण्डे
२. मा० श्री रमेश लेखक
३. मा० श्री रवि लामिछाने
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री रघुजी पन्त
६. मा० श्री चित्र बहादुर के.सी.

तदनन्तर वैठक आधा घण्टापछि बस्ने गरी दिनको ५:१० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आधा घण्टा पछि बस्ने गरी निर्धारण भएको बैठक विशेष कारणले साँझ ८:०० बजे बस्ने गरी सूचना प्रकाशन भएकोमा सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा राती १०:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले देहाय बमोजिमको जानकारी सभालाई गराउनु भयो:-

१. माननीय श्री मनोरमा शेरचन, माननीय श्री विना कुमारी थनैत, माननीय डा० चन्द्रकान्त भण्डारी र माननीय श्री वर्षमान पुनको विदा सभाबाट स्वीकृत भएको छ ।
२. माननीय श्री लक्ष्मी महतो कोइरीको बारेमा सभामा विभिन्न विषय उठेकाले यसबारे प्रतिनिधि सभाको आगामी अधिवेशनमा कानून बमोजिम हुने जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभाको पहिलो अधिवेशन अवधिभर भए गरेका निम्न लिखित काम कारवाहीको संक्षिप्त विवरणको सम्बन्धमा जानकारी गराउनु भयो ।

(१) मा० सदस्यहरु, प्रतिनिधि सभाको दोस्रो निर्वाचन पश्चात् संघीय संसदको अधिवेशन सँगै प्रतिनिधि सभाको पहिलो अधिवेशनको पहिलो बैठक २०७९ साल पुस २५ गते सोमबार प्रारम्भ भई आज २०८० साल वैशाख १५ गते शुक्रबारसम्म जम्मा ११० दिन चालु रह्यो । जसमध्ये २८ दिनहरुमा २८ पटक बैठक बसी जम्मा ९२ घण्टा ३० मिनेट ससंदीय काम कारवाहीमा व्यतित भयो । साथै २०७९ साल माघ २७ गते संघीय संसदको संयुक्त सदनको एउटा बैठक बसी ५० मिनेट समय व्यतित भयो ।

(२) नेपालको संविधानको धारा १०४ बमोजिम प्रतिनिधि सभाले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र अन्य काम कारबाही नियमित एवं प्रभावकारी बनाउन यस प्रतिनिधि सभाले सभाको नियमावली नबनाएसम्मको लागि "प्रतिनिधि सभा नियमावली, २०७५" बमोजिम सभाको कामकारवाही गर्ने प्रस्तावलाई मिति २०७९ पुस २५ गतेको बैठकमा स्वीकृतिको लागि पेश हुँदा सर्वसम्मतिबाट स्वीकृत भएको थियो ।

(३) सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले मिति २०७९ पुस २६ गतेको सभाको बैठकमा नेपालको संविधानको धारा ७६ को उपधारा (४) बमोजिम आफुमाथि प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न राख्नुभएको प्रस्तावको पक्षमा २६८ (दुईसय अट्सठ्ठी) मत परि प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित भएको थियो । त्यसैगरी सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले मिति २०७९ चैत ६ गतेको सभाको बैठकमा नेपालको संविधानको धारा १०० को उपधारा (२) बमोजिम प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न राख्नुभएको प्रस्तावको पक्षमा १७२ (एकसय बहत्तर) मत परि प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित भएको थियो ।

(४) सभाको यस अवधिमा प्रतिनिधि सभामा उत्पत्ति भएको "सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ) निवारण तथा व्यवसायीक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९", "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" र "वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९" लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाउने कार्य भएको छ ।

त्यसैगरी राष्ट्रिय सभामा उत्पत्ति भई प्रतिनिधि सभामा प्राप्त अनुगमन तथा मुल्यांकन विधेयक, अभिलेख संरक्षण ( पहिलो संशोधन) विधेयक, खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, सार्वजनिक सेवा प्रशारण विधेयक, सुरक्षण मुद्रण सम्बन्धी विधेयक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाउने कार्य भएको छ भने भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक माथि सभामा सैद्धान्तिक छलफल भैसकेको अवस्था छ ।

(५) त्यसैगरी प्रतिनिधि सभाको चालू अधिवेशनमा मा० सदस्यहरुबाट दर्ता हुन आएका विभिन्न मन्त्रालयसँग सम्बन्धित ५५ वटा मौखिक प्रश्नहरु प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ४५ बमोजिम टेबुल भएको छ ।

(६) मिति २०७९ माघ ५ गतेको बैठकमा भएको प्रतिनिधि सभाको सभामुख पदको निर्वाचनमा प्राप्त दुई वटा प्रस्ताव मध्ये "यस सभाका माननीय सदस्य श्री देवराज घिमिरे लाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावको पक्षमा १६७ (एकसय सत्सठ्ठी) मत परि प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित भएको थियो । साथै मिति २०७९ माघ ७ गतेको बैठकमा भएको प्रतिनिधि सभाको उपसभामुख पदको निर्वाचनमा प्राप्त दुईवटा प्रस्ताव मध्ये "यस सभाका माननीय सदस्य श्री इन्दिरा रानालाई प्रतिनिधि सभाको उपसभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावको पक्षमा १६६ (एकसय छैसठ्ठी) मत परि प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित भएको थियो ।

(७) सभाको मिति २०७९ माघ १० गतेको बैठकबाट मा० श्री देवेन्द्र पौडेल प्रस्तावक र मा० श्री रामकृष्ण यादव र मा० श्री ऋषिकेश पोखरेल समर्थक भई २१ सदस्यीय प्रतिनिधि सभा नियमावली मस्यौदा समिति गठन गर्न राख्नुभएको प्रस्ताव सर्वसम्मतिबाट पारित भएको थियो । उक्त मस्यौदा समितिको कार्यावधि सात दिन थप गर्ने प्रस्ताव माघ २७ गते सभाबाट स्वीकृत भएको थियो । मस्यौदा समितिले २०७९ फागुन १० गते सभा समक्ष पेश गरेको प्रतिवेदनमाथि २०७९ चैत १९ गतेको बैठकमा दफावार छलफल भई संशोधनसहित बहुमतबाट प्रतिनिधि सभा नियमावली, २०७९ पारित भएको थियो ।

(८) मिति २०७९ माघ २२ गतेको बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यावधि सम्वत् २०८० साल असार मसान्तसम्म थप गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट जारी भएको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ बमोजिमको बाधा अड्काउ फुकाउ आदेश सदन समक्ष पेश भएको थियो ।

(९) त्यसैगरी मिति २०७९ माघ २७ गते सम्माननीय राष्ट्रपतिद्वारा नेपालको संविधानको धारा ९५ बमोजिम प्रतिनिधि सभाको निर्वाचनपछिको पहिलो अधिवेशन प्रारम्भ भएपछि संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नुभएको थियो । सोही दिन बसेको प्रतिनिधि सभाको बैठकले सम्माननीय राष्ट्रपतिबाट भएको सम्बोधनको लागि सर्वसम्मतिबाट धन्यवाद प्रस्ताव पारित गरेको थियो ।

(१०) यस अधिवेशन अवधिभरमा “राष्ट्रिय मानव अधिकार आयोगको २२ औं वार्षिक प्रतिवेदन (आ.व. २०७८/०७९)”, “थारु आयोगको चौथो वार्षिक प्रतिवेदन (२०७८ श्रावण - २०७९ आषाढ)”, “अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७८/०७९)”, “राष्ट्रिय समावेशी आयोगको चौथो वार्षिक प्रतिवेदन (आ. व. २०७८/०७९)”, “लोक सेवा आयोगको त्रिसट्ठीऔं वार्षिक प्रतिवेदन (२०७८ श्रावण - २०७९ आषाढ)”, “राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको चौथो वार्षिक प्रतिवेदन, २०७९”, “महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, आ.व. २०७८/०७९”, “राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन २०७८/०७९” र “आदिवासी जनजाति आयोगको तेस्रो वार्षिक प्रतिवेदन (आ.व. २०७८/०७९)” सभामा पेश भए ।

(११) यस अधिवेशनमा मिति २०७९ माघ १ गते पोखरामा भएको विमान दुर्घटनाका सम्बन्धमा विशेष प्रस्ताव र प्रतिनिधि सभा सदस्य शहनाज रहमान, पूर्व सदस्य सुश्री मैयाँदेवी श्रेष्ठ, बालकृष्ण ढुङ्गेल, झुलबहादुर आले, कर्मा घले, गणेश प्रसाद विमली र तेजमान तुम्वाहाम्फेको निधन भएकोमा शोक प्रस्ताव पारित भएको थियो ।

(१२) त्यसैगरी सभाको आजको बैठकले प्रतिनिधि सभा अन्तर्गतका विषयगत समितिहरुमा रहने माननीय सदस्यहरुको नामावलीसहितको प्रस्तावलाई सहमति जनाएको छ ।

(१३) सभाको विभिन्न बैठकको आकस्मिक, शून्य र विशेष समयहरुमा सभाका मा० सदस्यहरुले समसामयिक एवं जिल्लामा घटित विभिन्न घटनाहरुको सम्बन्धमा सरकार एवं सम्बन्धित पक्षको ध्यानाकर्षण गराउनु भएको थियो ।

(१४) यसै अवधिमा सदनको विभिन्न बैठकहरुमा मा० उपप्रधानमन्त्री तथा गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठले मिटरब्याजी सम्बन्धी समस्या समाधानमा सरकार गम्भीर एवं प्रतिवद्ध रहेको, अराजक र गैर संवैधानिक गतिविधिलाई सरकारले छुट नदिने, नागरिकता समस्या समाधन गर्ने सम्बन्धमा, मा० सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले यति एयरलाइन्सको विमान दुर्घटना सम्बन्धमा, मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले सरकारको न्यूनतम साझा कार्यक्रम र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री अमनलाल मोदीले निजामति सेवा विधेयक एवं स्थानीय तहको कर्मचारी व्यवस्थापन लगायतका सार्वजनिक महत्वको विषयमा र मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री प्रकाश ज्वाला र मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री रञ्जिता श्रेष्ठले आकस्मिक, शून्य एवं विशेष समयमा उठेका प्रश्नको सम्बन्धमा वक्तव्य दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभाको पहिलो अधिवेशनमा माननीयज्यूहरुले सक्रियतापूर्वक सहभागी हुनुभएकोमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्नुहुँदै सभा सञ्चालनका लागि यही अधिवेशनबाट प्रतिनिधि सभा नियमावली पारित गरेका छौं । सभालाई प्रभावकारी बनाउन प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५ को उपनियम २ बमोजिम माननीयज्यूहरुले उठाउनुभएका विषयमा माननीय मन्त्रीज्यूहरुले जवाफ दिनुभएको छ । आगामी अधिवेशनहरुमा सदनमा उठेका विषयहरुलाई सरकारले थप महत्व दिने अपेक्षा गरेको छु भन्नुहुँदै देश र जनताका समसामयिक विषयहरु, नीति निर्माणका बहसहरुलाई आगामी दिनमा थप प्रभावकारी बनाउनुपर्ने हाम्रो दायित्व हो । सदनबाट विषयगत समितिहरु समेत गठन भएको सन्दर्भमा संसदीय कामकारबाही व्यवस्थित र प्रभावकारी हुने विश्वास व्यक्त गर्दछु । संसदलाई देश र जनताको पक्षमा बहस गर्ने थलोको रुपमा उपयोग गर्दै यसको महत्व र गरिमालाई उच्च राख्न माननीय सदस्यज्यूहरुको थप योगदान रहने अपेक्षा गरेको छु भन्नु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले सम्माननीय कार्यवाहक राष्ट्रपतिबाट प्राप्त निम्न लिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०१/१२ को सिफारिशमा संघीय संसदको दुवै सदनको चालु अधिवेशन सम्वत् २०८० साल वैशाख १५ गते शुक्रबार राती १२:०० बजेदेखि अन्त्य गरेको छु ।
>
> २०८० वैशाख १५ (रामसहाय प्रसाद यादव)
> कार्यवाहक राष्ट्रपति

तदनन्तर प्रतिनिधि सभाको चालु अधिवेशन आज राती १२:०० बजेबाट स्वतः अन्त्य हुने गरी राती १०:१५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव